मिति २०७७।०६।२२ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलाललगायत देहायका महानुभावहरुको उपस्थितिमा जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन सञ्चालन केन्द्र (DCCMC) भक्तपुरको ४० औं बैठक बसि देहाय अनुसार छलफल र निर्णय गरियो।

**जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) का पदाधिकारिहरू**

सल्लाहकार(DCCMC) - प्रमुख श्री नवराज गेलाल, जिल्ला समन्वय समिति, भक्तपुर

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्नाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर
३. प्रमुख सेनानी श्री शिवप्रसाद पौडेल, वीरदल गण सूर्यविनायक व्यारेक, भक्तपुर
४. नि. प्रहरी उपरिक्षक श्री केशवकुमार थेबे, महानगरीय प्रहरी परिसर, भक्तपुर
५. सशस्त्र प्रहरी उपरीक्षक श्री उद्धवबहादुर न्यौपाने, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण, भक्तपुर
६. उप अनुसन्धान निर्देशक श्री विकास पाण्डे, रा.अ.वि.जिल्ला कार्यालय, भक्तपुर
७. सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल, भक्तपुर
९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय, भक्तपुर – स्थायी आमन्त्रित
१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी, भक्तपुर – स्थायी आमन्त्रित

**आमन्त्रित**

१. निश्ठा बल्ल, जनस्वास्थ्य अधिकृत, स्वास्थ्य कार्यालय, भक्तपुर

**छलफलका विषयहरु**

१. सेवा प्रवाह सम्बन्धमा।
२. अस्पताल/आइसोलेसन सेन्टर सम्बन्धमा।
३. अनुगमन सम्बन्धमा।

**निर्णय**

१. कोभिड-१९ को विश्वव्यापी महामारीको फैलावट यस जिल्लामा तिब्ररुपमा वृद्धि भइरहेको हुँदा नागरिकहरूको स्वास्थ्य सुरक्षालाई ध्यानमा राखी थप संक्रमण फैलनबाट रोक्ने उद्देश्यका साथ भक्तपुर जिल्लाबाट प्रवाह हुने अत्यावश्यक सेवा बाहेकका तथा जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवा मध्ये अत्यावश्यकीय सेवा यथावत राखी अन्य सेवाहरू मिति २०७७।०६।२५ गतेदेखि अर्को निर्णय नभएसम्मका लागि स्थगित गर्ने।

२. भक्तपुर जिल्लामा सञ्चालनमा रहेका अस्पताल एवं आइसोलेसन सेन्टरहरूको प्रभावकारी व्यवस्थापन गर्न नियमित अनुगमन कार्यलाई निरन्तरता दिने।

३. नेपालीहरूका महान चाड बडा दशैं, दिपावली, छठलगायतका चाड पर्वलाई ध्यानमा राखी सार्वजनिक स्थान, बजार, पसल आदिमा स्वास्थ्य मापदण्डको पालना भए/नभएको सम्बन्धमा र सार्वजनिक स्थलको भीड निरुत्साहित गर्न नियमितरुपमा अनुगमन गर्ने।

४. कोभिड-१९ सँग सम्बन्धित स्थानीय तह, स्वास्थ्य कार्यालय, सुरक्षा निकाय आदिबाट संकलित सूचनाहरू एकीकृत गरी एकद्वार प्रणालीमार्फत Covid-19 Information Desk भक्तपुरको ईमेलः covidinfodeskbkt@gmail.com मा पठाउने व्यवस्था गर्ने ।

५. जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(DCCMC) बाट निर्णय गरी स्थानीय तहहरू, भक्तपुर अस्पताल तथा सुरक्षा निकायहरूबाट सञ्चालन तथा व्यवस्थापन गरिएका निम्न अनुसारका आइसोलेसन सेन्टरहरूको निरन्तर अनुगमन गर्ने र सोको जानकारी गृह मन्त्रालय मार्फत कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(CCMC), छाउनीमा पठाउने।

| क्र.सं. | स्थान | क्षमता | खटीएको सुरक्षा टोली | सञ्चालन गर्ने संस्था |
|---|---|---|---|---|
| १. | श्री वीरदल गण, सूर्यविनायक, भक्तपुर | १२ | नेपाली सेना १० जना | श्री वीरदल गण, सूर्यविनायक, भक्तपुर |
| २. | सैनिक आवासीय महाविद्यालय, सल्लाघारी, भक्तपुर | १५० | नेपाली सेना ३० जना | श्री वीरदल गण, सूर्यविनायक, भक्तपुर |
| ३. | तालिम शिविर सूर्यविनायक, भक्तपुर | ७५ | नेपाली सेना ३० जना | श्री वीरदल गण, सूर्यविनायक, भक्तपुर |
| ४. | सैनिक समाचार शिक्षालय, लप्टन डाँडा, भक्तपुर | १३० | नेपाली सेना ३० जना | सैनिक समाचार शिक्षालय |
| ५. | भगवती प्रसाद गुल्म, खरीपाटी, भक्तपुर | ८ | नेपाली सेना १० जना | भगवती प्रसाद गुल्म |
| ६. | भैरव वहान गुल्म, गठ्ठाघर, भक्तपुर | १० | नेपाली सेना १० जना | भैरव वहान गुल्म |
| ७. | नेपाल विद्युत प्राधिकरण तालिम केन्द्र, खरिपाटी, भक्तपुर | २०८ | नेपाली सेना १० जना | भक्तपुर अस्पताल |
| ८. | शिक्षा तथा मानव श्रोत विकास केन्द्र, भक्तपुर | ३० | नेपाल प्रहरी १५ जना | महानगरीय प्रहरी परिसर, भक्तपुर |
| ९. | सशस्त्र प्रहरी बल नेपाल नं. २२ गुहेश्वरी गण, दुवाकोट, भक्तपुर | २० | सशस्त्र प्रहरी बल २० जना | सशस्त्र प्रहरी बल नेपाल नं. २२ गुहेश्वरी गण |
| १०. | कृषि तालिम केन्द्र, बोडे, भक्तपुर | ६८ | ५ जना नेपाल प्रहरी | मध्यपुर थिमी नगरपालिका |
| ११. | ब्रम्हायणी बहुउद्देश्य भवन, ब्रम्हायणी, भक्तपुर | ७५ | ११ जना (५ जना नेपाली सेना, ६ जना नेपाल प्रहरी) | भक्तपुर नगरपालिका |